संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २४ र २५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २९ गते सोमबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नहरुको उत्तर दिनुभयो ।

त्यसपछि उक्त उत्तरको सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टिकरणको सम्बन्धमा माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले स्पष्ट पार्नु भयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री शिशिर खनाल
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
६. मा० श्री दिलेन्द्र प्रसाद बडू
७. मा० श्री प्रभु साह
८. मा० श्री जनार्दन शर्मा
९. मा० श्री देवेन्द्र पौडेल
१०. मा० श्री भानुभक्त जोशी
११. मा० श्री डोल प्रसाद अर्याल
१२. मा० श्री दिपक गिरी
१३. मा० श्री अच्युत प्रसाद मैनाली
१४. मा० श्री सूर्यबहादुर थापा क्षेत्री
१५. मा० श्री बासुदेव घिमिरे
१६. मा० श्री भगवती चौधरी
१७. मा० श्री जुली कुमारी महतो (महासेठ)
१८. मा० श्री माधव सापकोटा
१९. मा० श्री गोकर्ण विष्ट
२०. मा० श्री दामोदर पौडेल वैरागी
२१. मा० श्री महेश कुमार वर्तौला
२२. मा० श्री गोकुलप्रसाद वांस्कोटा
२३. मा० श्री दामोदर भण्डारी
२४. मा० श्री विद्या भट्टराई
२५. मा० श्री सरिता भुसाल
२६. मा० श्री ऋषिकेश पोखरेल
२७. मा० श्री प्रभु हजरा दुषाध
२८. मा० डा० चन्दा कार्की (भण्डारी)
२९. मा० श्री सुर्यप्रसाद ढकाल
३०. मा० श्री दिपा शर्मा
३१. मा० श्री सराज अहमद फारुखी
३२. मा० श्री चित्रबहादुर के.सी.
३३. मा० डा० स्वर्णिम वाग्ले
३४. मा० श्री बुद्धिमान तामाङ
३५. मा० श्री रणेन्द्र वराली
३६. मा० श्री शेरबहादुर कुंवर
३७. मा० श्री अम्मर बहादुर थापा
३८. मा० श्री रञ्जुकुमारी झा
३९. मा० श्री नारायण प्रसाद आचार्य
४०. मा० श्री बलराम अधिकारी
४१. मा० श्री प्रेमबहादुर महर्जन
४२. मा० श्री प्रकाश अधिकारी
४३. मा० श्री अम्मरबहादुर रायमाझी
४४. मा० श्री महेश बस्नेत
४५. मा० श्री मानबीर राई
४६. मा० श्री लिलानाथ श्रेष्ठ
४७. मा० श्री अमृतलाल राजवंशी
४८. मा० श्री मंगलप्रसाद गुप्ता
४९. मा० श्री रामहरि खतिवडा
५०. मा० श्री भीमप्रसाद आचार्य
५१. मा० श्री महेन्द्रबहादुर शाही
५२. मा० श्री पद्म गिरी
५३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
५४. मा० श्री रामकुमार राई
५५. मा० श्री अर्जुन नरसिंह के.सी.
५६. मा० श्री श्याम कुमार घिमिरे
५७. मा० श्री बिजुला रायमाझी
५८. मा० श्री प्रतिक्षा तिवारी
५९. मा० श्री सम्झना थपलिया
६०. मा० श्री रामशंकर यादव
६१. मा० श्री हरि प्रसाद उप्रेती
६२. मा० श्री तारा लामा तामाङ
६३. मा० श्री अमृतादेवी अग्रहरी
६४. मा० श्री रेखा यादव
६५. मा० श्री मन्जु शर्मा अन्सारी
६६. मा० श्री गिता बस्नेत

६७. मा० श्री शिव नेपाली
६८. मा० श्री विराजभक्त श्रेष्ठ
६९. मा० श्री नागिना यादव
७०. मा० श्री लेखनाथ दाहाल
७१. मा० श्री ऐनबहादुर शाही ठकुरी
७२. मा० श्री मैना कार्की

तत्पश्चात् माननीय श्री रघुजी पन्तले भारतस्थित नेपाली राजदुतले धर्म निरपेक्षता, बी.आर. आई. लगायत सम्बन्धमा कुटनीतिक मर्यादा विपरित विवादास्पद अन्तर्वार्ता दिएको सम्बन्धमा सभाको अर्को बैठकमा परराष्ट्र मन्त्रीले स्पष्ट पार्नुपर्छ भन्नुभएपछि माननीय श्री हितराज पाण्डेले माननीय सदस्यले कुन नियम अन्तर्गत के उल्लंघन भएको हो सोको स्पष्ट पार्नुपर्छ भन्दै जुनसुकै समयमा नियमापत्ति भन्दै विषयहरु राख्नु उपयुक्त नहुने भन्नुभएपछि सम्माननीय सभामुखले माननीय सदस्य आफ्नो स्थान अगाडि उठिसकेपछि के विषयमा नियमापत्ति हो भनेर सोधिएको हो तर वक्ता माननीय सदस्यले आफ्नो भनाई सोझै प्रस्तुत गर्नुभएको जानकारी गराउँदै माननीय सदस्यहरुले आफ्नो भनाई राख्दा समय लिएर राख्नुहुन विशेष ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले “विनियोजन विधेयक, २०८०” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात् “विनियोजन विधेयक, २०८०” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले “विनियोजन विधेयक, २०८०” प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “राष्ट्र ऋण उठाउने विधेयक, २०८०” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात् विधेयक प्रस्तुतकर्ता माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि “राष्ट्र ऋण उठाउने विधेयक, २०८०” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले “राष्ट्र ऋण उठाउने विधेयक, २०८०” प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी बेलुका ५:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ५:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले “विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. मा० श्री गोकर्ण विष्ट
२. मा० श्री सन्तोष परियार
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री अम्मर बहादुर थापा
५. मा० श्री रन्जु कुमारी झा
६. मा० श्री विश्व प्रकाश शर्मा
७. मा० श्री अनिता दवी

तत्पश्चात् माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले उक्त छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिन समेतका लागि यही २०८० साल जेठ ३२ देखि असार १२ गतेसम्मका दिनहरु तोकेका व्यहोरा जानकारी गराउनु हुंदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा विभिन्न मन्त्रालय एवं सचिवालय र सो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु अन्तर्गतको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुको नाम सम्बन्धित संसदीय दलका पदाधिकारी मार्फत सम्बन्धित मन्त्रालयको विनियोजन शिर्षकहरुमाथि छलफल हुने दिन बैठक बस्नु एक घण्टा अगावै कार्यव्यवस्था शाखा, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, नयाँ वानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४८ बमोजिम खर्च कटौतीको प्रस्तावको सूचना दिन चाहनुहुने माननीय सदस्यहरुले ४८ घण्टाभित्र विधेयक शाखा (प्रतिनिधि सभा), संघीय संसद सचिवालय, सिंहदरबारमा दिनसक्नुहुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ३२ गते बिहिबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:४० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव